# घिरिङ गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिक अवधिमा सम्पादन भएका सुशासन, विकास निर्माण तथा सेवाप्रवाह सम्बन्धमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम




# प्रतिबेदन

मितिः २०८२ मंसिर २३ गते, मंगलबार


स्थानः घिरिङ गाउँपालिका वडा नम्बर २ को कार्यालय प्राङ्गण देउराली तनहुँ

सहजिकरणः लोकवाणी पब्लिकेशन प्रा.लि तनहुँ

# विषय-सुची


| क.स | शिर्षक |
| --- | --- |
| १ | घिरिङ गाउँपालिका परिचय |
| २ | सार्वजानिक सुनुवाई कार्यक्रमको परिचय |
| ३ | सार्वजानिक सुनुवाई कार्यक्रमको उद्देश्य<br>३.१ अपेक्षाहरु<br>३.२. लक्षित वर्ग र समुदाय |
| ४ | सार्वजानिक सुनुवाई कार्यक्रमको तयारी |
| ५ | कार्यक्रमको विस्तृत विवरण |
| ६ | सार्वजानिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचार संहिता |
| ७ | गाउँपालिका सेवा ग्राहीहरुले दिनु भएको सुझाव तथा जिज्ञासाहरु |
| ८ | गाउँपालिकाका राम्रा पक्षहरु |
| ९ | कार्यक्रम सन्चालन तालिका |
| १० | गाउँपालिकाको सेवाको बारेमा कार्यक्रमका सहभागीहरुले दिनु भएको सुझाव तथा जिज्ञासाहरु |
| ११ | सहभागीबाट उठेको जिज्ञासाको समाधान<br>११.१ गाउँपालिकाका अध्यक्षको जवाफ<br>११.२ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको जवाफ |
| १२ | नागरिक अभिमत सर्वेक्षणको नतिजा |
| १३ | सहभागीको हाजिरी, फोटो र पत्रिकामा प्रकाशित समाचार |

# १. घिरिङ गाउँपालिकाको परिचय




भिरालो धरातलिय स्वरुपले बनेको यस गाउँपालिका समुन्द्र सतहबाट ३०० मीटर देखि १००० मिटर सम्मको उचाईमा फैलिएर रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल करिब १२६ वर्ग किलोमीटर रहेको छ । विश्व मानचित्रमा यो गाउँपालिका २७' ७०' ६" देखि २७' ५८' ४८" सम्मको उत्तरी अक्षांस र ८४' ०१' २१" देखि ८४' ०५' १.०४" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। साविक गजरकोट गाविसको वडा नं. २, ४, ५, ६, ७ र घिरिङ्ग सुन्धारा गाविसको वडा नम्बर ३ को तथ्यांकहरु संकलन गरि हालको वडा नम्बर १ निर्माण भएको छ। साविक गजरकोट गाविसको वडा नम्बर १, ३, ८ र घिरिङ्ग सुन्धाराको २,८,९ गरि हालको वडा नम्बर २ निर्माण भएको, साविक घिरिङ्ग सुन्धारा गाविसको वडा नम्बर ४, ५, ६, ७ साभुङ्ग भगवतीपुरको ८ र माझकोटको ६ गरि हालको वडा नम्बर ३ निर्माण भएको, साविक घिरिङ्ग सुन्धारा १, राम्जाकोट ९ र साभुङ्ग भगवतीपुर गाविस १, ५, ९ गरि वडा नम्बर ४ निर्माण भएको र साविक साभुङ्ग भगवतीपुर गाविसको वडा नम्बर ३, ४, ६ र ७ गरि वडा नम्बर ५ नयाँ वडाहरु निर्माण भएको हो ।

यसरी यो गाउँपालिका साविक गजरकोट गाविसको ८ वटा वडा, साभुङ्ग भगवतीपुर गाविस को ८ वटा वडा घिरिङ्ग सुन्धाराको ९ वडा, राम्जाकोट गाविसको १ वटा वडा, माझकोट गाविसको १ वटा वडा मिलि बनेको छ । यस गाउँपालिकाको पूर्वमा ऋषिङ गाउँपालिका, पश्चिममा स्याङजा जिल्ला, उत्तर भिमाद नगरपालिका र दक्षिणमा नवलपरासी बौदीकाली गाउँपालिका र पाल्पा जिल्लाको रामपुर नगरपालिका पर्दछन् । राजनैतिक विभाजनका हिसाबले यो गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा रहेको छ । यस गाउँपालिकाको प्रशासनिक कार्य वडा नम्बर ३ को पोखरीछापमा रहेको गाउँपालिकाको सुविधा सम्पन्न कार्यालयबाट हुने गरेको छ । (**श्रोतः गाउँपालिकाको वेवसाईट**)

## २. विषय बस्तु: (सार्वजानिक सुनुवाई कार्यक्रमको परिचय)

आफ्नो कार्यालयले वर्षभरिमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ लागु भएको छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्ध निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाइन्छ । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहीले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानिय तहहरु मार्फत संचालन भइरहेको वर्तमान अवस्थामा सघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन प्रबर्धन रणनिति तथा कार्ययोजना २०७४ जारि गरेको छ । उक्त कार्ययोजनाले पनि स्थानीय तहहरुले सार्वजनिक सुनुवाइको कुरालाई महत्वका साथ उठाएको छ । सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि सार्वजनिक कार्यक्रमलाई विशेष रुपमा लिएको छ ।

हाल ३ तहको सरकारको अभ्याससँगै गाउँ गाउँमा सिंहदरबार पुगेको छ । लामो समय देशले त्यही गाउँको सिंहदरबारले गरेका सेवा प्रवाह, विकास निर्माण लगायत नागरिकका सरोकारका विषयमा सार्वजानिक सुनुवाई गर्नु पर्ने व्यवस्था रहेको छ । देशका सार्वजनिक निकाय जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तव्यउन्मुख

भोवर देश विकासको मुख्य आधार मान्न सकिन्छ । स्थानीय तहहरुले आफ्ना काम तथा कार्यक्रमको पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण सम्बन्धि छुट्टै कार्यविधि बनाई नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण गर्नुपर्ने हुन्छ । तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तव्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐनले सुशासनका लागि सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ । त्यसबाहेक हरेक सरकारी कार्यालयहरुको कामको गति र सुधारका क्षेत्र पत्ता लगाउन स्वअध्ययनको व्यवस्था पनि छ । त्यहाँ सार्वजनिक सुनुवाई अनिवार्य छ । हरेक स्थानीय तहको स्वमुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाईएको छ । नयाँ कार्यविधि तयार गरेर भए पनि सार्वजनिक सुनुवाई जस्ता पारदर्शीता सम्बन्धि कार्यक्रम सञ्चालन गनुपर्ने अवस्था रहेको छ ।

नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (सन्चालन तथा ब्यवस्थापन) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सन्चालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार सन्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले स्थानीय तहमा सार्वजनिक सुनुवाइ आयोजना गरिन्छ । स्थानीय सरकार सन्चालन ऐन-२०७४ दफा ७८ (५) मा सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । साथै स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७ ले पनि चौमासिक रुपमा सार्वजानिक सुनुवाई गर्न निर्देश गरेको छ । यिनै पृष्ठभुमीको आधारमा यस घिरिङ गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिकको सार्वजानिक सुनुवाई कार्यक्रम सन्चालन गरिएको छ ।

## ३ सार्वजानिक सुनुवाई कार्यक्रमको उद्देश्य :

सार्वजानिक सुनुवाई कार्यक्रमको उदेश्य यस घिरिङ गाउँपालिकाको आ.व. २०८२/०८३ को प्रथम चौमासिक प्रगतिको समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो । कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ ।

- गाउँपालिकाबाट सन्चालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वजनिक गर्नु ।
- चौमासिक रुपमा गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रम, नीति, बजेट तथा सेवाको बारेमा नागरिकलाई जानकारी गराई नागरिकको सुझाव संकलन गर्ने ।
- गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।
- सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।
- समग्र गाउँपालिकाको आर्थिक सुधार र समृद्धीमा टेवा पुऱ्याउने ।
- जनमैत्री सेवाको विस्तार गर्न तथा नागरिकको सेवाप्रतिको विश्वास परिक्षण गर्ने

## ३.१ सार्वजानिक सुनुवाई कार्यक्रमबाट निम्न अपेक्षा गरिएको छः

१. गाउँपालिका र नागरिकहरुको सम्बन्ध अझ राम्रो हुने

२. कार्यसम्पादन गर्दा देखिएका राम्रा र नराम्रा दुबै पक्षको मुल्यांकन हुने

३. गाउँपालिकाको कार्य सम्पादनलाई अझ नागरिक मैत्री बनाईने ।

४. गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।

५. सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।

६. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

७. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

८. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने

## ३.२ लक्षित वर्ग, व्यक्ति र समुह

१. गाउँपालिकाका सम्पुर्ण लाभग्राही तथा सेवाग्राहीहरु

२. गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु

३. सन्चारकर्मी लगायत सम्बन्धित सम्पुर्ण सरोकारवालाहरु

## ४.सार्वजानिक सुनुवाई कार्यक्रमको तयारी:

सार्वजानिक सुनुवाई कार्यक्रम सन्चालन गर्ने तयारी स्वरुप गाउँपालिकाले मंसिर २१ गते सार्वजानिक सुचना प्रकाशित गरेको थियो । त्यसपछि सोही दिन सहजकर्ता संस्थाको कार्यालयबाट गाउँपालिकाको कार्यालय र विभिन्न वडाहरुमा गई नागरिक अभिमत प्रतिबेदन तयारी स्वरुप नागरिक सर्वेक्षण गरिएको थियो । गाउँपालिकाले पनि कार्यक्रमको तयारी स्वरुप शाखा प्रमुखहरुको बैठक आयोजना गरेको थियो ।

मितिः-२०८२-०८-२१

विषय- सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारेमा सुचना ।

प्रस्तुत विषयमा घिरिङ गाउँपालिका वडा नं २ को चालु आ. व. २०८२/०८३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम तपशिलको मिति, समय र स्थानमा आयोजना गरिने भएकोले गाउँपालिका क्षेत्रभित्र क्रियाशिल राजनितिक दल, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख वा प्रतिनिधि तथा विद्यालयमा कार्यरत शिक्षक, बैंक कर्मचारी वित्तिय संस्थाका प्रमुख वा प्रतिनिधि, पत्रकार, टोल विकास संस्थाका अध्यक्ष वा प्रतिनिधी, उपभोक्ता समितिका पदाधिकारी लगायत सरोकारवालाहरुका लागि यो सुचना प्रकाशन गरिएको छ । यसै सुचनालाई आधार मानी उपस्थितिका लागि समेत सादर निमन्त्रणा गरिन्छ ।

तपशिल

मितिः-२०८२-०८-२३

समयः- बिहान ११ बजे देखि

स्थानः- २ नं वडा कार्यालय देउराली

बोधार्थः- अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, शाखा प्रमुखहरु सबै जबाफदेही वक्ताको रुपमा उपस्थितिका लागि अनुरोध छ ।

कृष्ण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका
Ghiring Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पोखरीछाप
Pokharichhap
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या / Reference No.: २०८२/०८३
चलानी नं/Dispatch No 24

मितिः-२०८२-०८-२१

**विषय- सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारेमा सुचना।**

प्रस्तुत विषयमा घिरिङ गाउँपालिका वडा नं -२ को चालु आ. व. २०८२/०८३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम तपशिलको मिति, समय र स्थानमा आयोजना गरिने भएकोले गाउँपालिका क्षेत्रभित्र क्रियाशिल राजनितिक दल, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख वा प्रतिनिधि तथा विद्यालयमा कार्यरत शिक्षक बैंक कर्मचारी वित्तिय संस्थाका प्रमुख वा प्रतिनिधि पत्रकार टोल विकास संस्थाका अध्यक्ष वा प्रतिनिधी उपभोक्ता समितिका पदाधिकारी लगायत सरोकारवालाहरुका लागि यो सुचना प्रकाशन गरिएको छ। यसै सुचनालाई आधार मानी उपस्थितिका लागि समेत सादर निमन्त्रणा गरिन्छ।

**तपशिल**

मितिः-२०८२-०८-२३
समयः- बिहान ११ बजे देखि
स्थानः- २ नं वडा कार्यालय देउराली

**बोधार्थः- अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, शाखा प्रमुखहरु सबै जवाफदेही वक्ताको रुपमा उपस्थितिका लागि अनुरोध छ।**

२०८२।०८।२१

(कृष्ण प्रसाद ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

## ५. कार्यक्रमको विस्तृत विवरण




घिरिङ गाउँपालिकाको आयोजना तथा लोकवाणी पब्लिकेशन प्रालिको सहजिकरणमा आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ मंसिर २३ गते मंगलबार वडा नम्बर २ को कार्यालय घिरिङ देउरालीमा सम्पन्न भयो । चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा गाउँपालिकाले सम्पादन गरेको विकास आयोजना, सेवा प्रवाह तथा बजेट खर्च लगायतको बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले सिमित श्रोत र साधनको बाबजुद घिरिङ गाउँपालिकालाई सबै दृष्टिले सम्पन्न र समृद्ध बनाउन आफुहरु लागि परेको बताउनुभयो । शिक्षाको गुणस्तरमा बृद्धी, १० शैयाको आधारभुत अस्पतालको निर्माण, कृषि र पशुपालनको व्यवसायीकरण तथा उत्पादनमा आधारित अनुदान, ग्रामिण सडकहरुको स्तरोन्नती, आन्तरिक आम्दानीमा बृद्धी, कृष्णमार्गको कालोपत्रे गर्ने गाउँपालिकाको मुख्य प्राथमिकतामा रहेको अध्यक्ष थापाले बताउनुभयो । त्यसैगरि अदुवा प्रशोधन केन्द्र स्थापना, प्रतिबन्धित घाटहरुको सन्चालन, एक घर एक धारा, सुख्खा टारहरुमा सिंचाई, बेरुजु अन्त्य, एम्बुलेन्सको सहजता तथा कालिगन्डकी डाईभर्सन गर्न रोक लगाउने जस्ता कार्यहरुलाई पनि प्राथमिकता दिईएको अध्यक्ष थापाको भनाई थियो

। अध्यक्ष थापाले सबै राजनीतिक दल, संघ संस्था तथा विभिन्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरि काम भईरहेको जानकारी दिनुभयो । गाउँपालिकामा स्थानीय पाठ्यक्रम तयार भएको र आगामी शैक्षिक सत्रबाट लागुहुने अध्यक्ष थापाले जानकारी दिनुभयो । कालिगन्डकी बहुप्राविधिक शिक्षालय, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर, अत्रौली-पुट्टार सिंचाई आयोजना, शालिग्राम संग्रहालय, अंगुर खेती आदि गाउँपालिकाको गौरवको विषय भएको अध्यक्ष थापाले बताउनुभयो । कालिगन्डकी बहुप्राविधिक शिक्षालयमा अध्ययनको लागि गाउँपालिकाको उत्कृष्ट विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था गर्ने, कोल्डस्टोर्स सन्चालन गर्ने, अत्रौली-पुट्टार सिंचाई आयोजना सम्पन्नको लागि संघ र प्रदेश सरकारमा अनुरोध गर्ने अध्यक्ष थापाले बताउनुभयो । गाउँपालिकाकी उपाध्यक्ष राधादेवी अधिकारीले सार्वजानिक सुनुवाई कार्यक्रमले गाउँपालिकाबाट सम्पादन भएका कामहरुको बारेमा जानकारी दिने र नागरिकहरुको सुझाव ग्रहण गर्न पाईने बताउनुभयो । उपाध्यक्ष अधिकारीले गाउँपालिकाले पुर्वाधार विकासलाई प्राथमिकतामा राखेको बताउनुभयो । विभिन्न सिप मुलक तालिम, आय आर्जनमा जोड, कोल्ड स्टोर सन्चालन, कृषि र पशुपालनमा अनुदान, सुन्तला पकेट कार्यक्रम सन्चालन, मकै पकेट कार्यक्रम, अदुवा पकेट कार्यक्रम आदि सन्चालन गरेको अधिकारीले बताउनुभयो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले आ.व २०८२/०८३ को प्रथम चौमासिक अवधिमा गाउँपालिकाबाट सम्पादन भएका कामहरुको बारेमा जानकारी गराउनुभएको थियो । उहाँले विगतको बेरुजुमा घटाउने तथा उज्यालो घिरिङ बनाउने अभियान जारी रहेको बताउनुभयो । १० शैयाको अस्पताल निर्माणकोलागि जग्गा प्राप्ती भईसकेको भन्दै प्रमुख प्रशासकीय अधिकृत ढकालले आगामी आर्थिक वर्षबाट अस्पताल निर्माण कार्य सुरु गरिने बताउनुभयो । प्रमुख प्रशासकीय अधिकृत ढकालका अनुसार चालु आर्थिक वर्षमा गाउँपालिकाको कुल बजेट ४५ करोड रहेको तथा २४१ वटा योजना रहेको छ । ति मध्ये केही योजना सम्झौता भईसकेको र केही सम्झौताको चरणमा नै रहेको ढकालले बताउनुभयो । उक्त कार्यक्रममा वडा नम्बर २ का अध्यक्ष नरबहादुर थापाले वडाबाट सम्पन्न भएका कामहरुको बारेमा जानकारी दिदैं वडा नम्बर २ मा विकासको प्रचुर सम्भावना भएको भन्दै गाउँपालिकाले पनि वडा नम्बर २ लाई विशेष महत्व दिनुपर्ने बताउनुभययो । गाउँपालिकाका इन्जिनियर तिर्थराज ढुङ्गानाले वडास्तरमा नै योजना सम्झौता अभिमुखीकरण कार्यक्रम गरिने र अनुगमनलाई प्रभावकारी बनाइने बताउनुभयो । उक्त कार्यक्रममा गाउँपालिकाका निवर्तमान अध्यक्ष रनबहादुर राना लगायतले भौतिक पुर्वाधारमा जोड दिनुपर्ने, कृष्णमार्गलाई कालोपत्रे गर्न पहल गरिनुपर्ने, बसाई सराई रोक्नुपर्ने, बाँदर आतंक रोक्नुपर्ने, आन्तरिक आम्दानीलाई बढाउन पहल गर्नुपर्ने, गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने, शालिग्राम करिडोरको गुणस्तरमा ध्यान दिनुपर्ने, स्वच्छ खानेपानी तथा एक घर एक धारामा जोड दिनुपर्ने, युवा पलायन रोक्नुपर्ने, स्थानीय

कला र संस्कृतीको संरक्षण गर्नुपर्ने, ठुला फाँटहरुमा सिंचाई सुविधा लैजानु पर्ने तथा घिरिङ गाउँपालिकाको जिवनसँग जोडिएको कालिगन्डकी डाइभर्सनको योजनालाई रोक्नुपर्ने जस्ता सुझावहरु दिनुभएको थियो । सहभागीहरुले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सडक, पुर्वाधार, मोटरेवल पुल, सामुदायिक भवन निर्माण, सिंचाई, कालीगन्डकी डाइभर्सनको योजना रोक लगाउनुपर्ने लगायतका विषयमा जिज्ञासा, सुझाव र धारणाहरु राखेका थिए । उक्त कार्यक्रममा कार्यक्रमको उद्देश्य तथा विषयबस्तुको बारेमा लोकवाणी दैनिकका सम्पादक प्रकाशचन्द्र भट्टराईले तथा कार्यक्रमको सन्चालन लोकवाणी दैनिकका ऋषिकान्त दुवाडीले गर्नुभएको थियो ।



## ६. सार्वजानिक सुनुवाई कार्यक्रममा पालन गर्नु पर्ने आचार संहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नु पर्दछ ।

२. सहभागीले प्रश्न या सुझाव के राख्ने हो स्पष्ट राख्नु पर्दछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न या जिज्ञासा राख्नुपर्दछ ।

४. सेवाग्राही सहभागी नागरिक धेरैलाई प्रश्न गर्न समयदिनु पर्ने भएकोले बुँदागतरुपमा छोटकरीमा प्रश्न राख्नुपर्छ ।

५. आफुभन्दा पहिलेका सहभागीले बोलेको कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमती लिएर थप प्रश्न गर्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसैप्रति पनि लान्छनायुक्त आरोप लगाउन पाइनेछैन ।

८. वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने गरि वा बदलाको भावनाबाट भनाई या प्रश्न राख्न पाईनेछैन ।

९. राजनीतिक आग्रह या पुर्वाग्रहबाट प्रश्न सोध्न पाईने छैन ।

१०. कार्यक्रमलाई विषयान्तर हुनबाट रोक्न सबै सहभागी सचेत बन्नु पर्छ ।

## ७. गाउँपालिका सेवाग्राहीहरुले दिनु भएको सुझाव तथा जिज्ञासाहरु

१.साना-साना योजना सम्पन्न भएका ठूला योजनामा उपलब्धी मुलक काम नभएको ।

२. गाउँपालिकाको गौरबको रुपमा रहेको कृष्ण मोटर मार्गको मुद्धाको अवस्था के भयो ?, यो मार्ग कालोपत्रे गर्न किन ढिलाई भएको छ ?

३.योजना पर्ने बजेट पनि पर्ने तर अनुगमन फितलो हुँदा सम्पन्न कामको पनि गुणस्तर नभएको ।

४.स्वास्थ्य चौकी बनेको तर सेवा दिनलाई दक्ष चिकित्सको व्यवस्था नभएको ।

५.भिडियो एक्सरे, एक्सरे तथा मधुमेह परिक्षण गाउँबाटै सेवा पाउन पाए हुन्थ्यो ।

६. वडा नम्बर ३ को औसली खानेपानी जाने बाटोलाई बजेट परेको सुरुवात गर्न ढिलाई ।

७. विकासका काम हरु हिउँदमा नगर्ने वर्षा याम लागेपछि हतार-हतारमा सुरु गर्नाले दिगो नभएको

८.वडा नम्बर २ का साहयक बाटाहरु स्तरोन्नती गर्नु पर्ने, जस्तैः गोफा खोला जाने बाटो, राधाकृष्ण मोटरमार्ग, देउरालीचोक देखी छानुरङ, तत्लो छानुरङ डुम्रेवेशी, गजरकोट वेलादी, घुर्लीछाप, डुम्रेवेशी बाठेकोट जाने बाटाहरु ।

९.मदन मार्ग र पशुपती मोटरमार्ग पिच किन रोकिएको हो ? विनियोजन भएको रकम पनि फिर्ता भै सक्यो भन्ने जनता माझ सुनाइएको छ यो के हो ?

१०.गजरकोट नागुथान दलित वस्तीमा बाटो वनाउन पर्ने ।

११.गाउँघर क्लिनिक देउरालीमा फर्निचर सामाग्री नभएको (विरामी बस्ने बेन्च, टेवल, दराज )

१२. वडा नम्बर २ मा कर्मचारीले ढिला सुस्ति गरेका छन् । काम त हुन्छ तर साह्रै ढिला हुने । वडामा दक्ष सचिवको आवश्यकता रहेको ।

१३. कुनै विद्यालयहरु विद्युतको बिल धेरै आएको भनेर कम्प्युटर प्रयोग गर्न रोकिएको । जस्तै राष्ट्रिय मावि, गजरकोट र काठेकोटका विद्यालयहरु

१४. महिला वडा सदस्यहरु निष्क्रिय रहेका छन् । उनीहरुलाई पनि जिम्मेबारी दिएर सक्रिय बनाउनुपर्छ ।

१५. भेटनरी र कृषि सेवालाई अझ प्रभावकारी बनाउनु पर्छ ।

१६. सामुदायिक वनले काठ कटानी गर्दा गाउँपालिकासँग समन्वय गर्नु पर्छ ।

१७. दलित लक्षित कार्यक्रमहरु अत्यन्त न्यून रहेको ।

१८. गाउँपालिकाले १ हजार धार्नी अदुवा उत्पादन गर्दा ५ हजार दिने व्यवस्था भए पनि २ नम्बर वडाका वासिन्दा उत्पादनमा निक्रिय भएका छन् । वडा वासीहरुलाई वडाले सचेत गर्नु पर्छ ।

१९.विद्युतको मुल तारहरु नाङगा हुँदा दुर्घटनाको जोखिम भएका कारण कालो तारका लागि पहल गर्नु पर्ने ।

२०. पशु विमाका लागि पालिकावासीलाई सहजिकरण गर्नु पर्ने ।

२१.घुमाउने ताल अधुरो भएको छ, यसमा धेरै रकम खर्च भईसकेको छ । यो ताल चाँडो भन्दा चाँडो पुरा गर्नुपर्छ ।

२२. विद्यालयको गुणस्तरमा ध्यान दिनुपर्छ । विद्यार्थी कम भएका विद्यालय मर्ज गर्ने नीति बनाउनुपर्छ

२३. स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

२४. स्थानीय युवा उद्यमी र कृषकहरुलाई स्थानीय सरकारले सहयोग गर्नुपर्छ ।

२५. एक घर एक धारा योजना पुरा गर्नुपर्छ ।

२६.आन्तरिक आम्दानी बढाउन घाटहरु व्यवस्थित गर्नुपर्छ ।

२७. बसाई सराईको कार्यक्रम नरोक्ने हो भने गाउँ रित्तो हुन्छ ।

२८.कालिगन्डकी डाइभर्सनको योजना रोक्न लाग्नुपर्छ ।

२९.एम्बुलेन्सको भाडा महंगो भएको छ, घटाउनुपर्छ ।

३०.भौतिक पुर्वाधारमा जोड दिनुपर्छ । कृष्णमार्ग कालोपत्रे गर्नुपर्छ ।

३१.शालिग्राम करिडोरलाई गौरबको आयोजनाको रुपमा सन्चालन गर्नुपर्छ । यो करिडोरमा बजेट विनियोजन गर्नुपर्छ ।

३२.स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्नुपर्छ ।

३३.ठुला फाँटहरुमा सिंचाई योजनालाई जोड दिनुपर्छ ।

३४.कृषि औजारमा ५० प्रतिशत अनुदान भनेपनि व्यक्तिले खरिद गर्ने भन्दा धेरै पर्न जाने ।

३५.योजना पुस्तिका भर्न नजान्दा उपभोक्ता समितिहरुलाई समस्या भएको छ । उक्त योजना पुस्तक सरल र सहज बनाउनुपर्छ ।

३६. बाँदर आतंक नियन्त्रण गर्नुपर्छ ।

३७. अत्रौली-पुट्टार सिंचाई योजनाले खेतमा पहिरो गयो ।

३८. डुम्रीबेशी जाने बाटोमा झाडी बढेर हिड्न डर मान्नु पर्ने भएको छ ।

३९.दलित लक्षित कार्यक्रम हुने तर मेसिन उपलब्ध नहुने हुँदा दलितले सिप उपयोग गर्न पाएका छैनन् ।

४०. विद्यालयको विद्युत महशुल गाउँपालिकाले व्यहोर्नुपर्छ ।

४१. चन्द्रज्योती मावि जाने बाटो बनाउनुपर्छ । सहायक मार्ग निर्माण गर्दा माटोले सडक बिग्रेकोछ ।

४१. कृष्णमार्गमा नियमित गाडी चल्ने व्यवस्था गर्नु पर्छ । नाईटबस चल्ने व्यवस्था गर्नुपर्छ ।

४२. आन्तरिक आम्दानी बढाउन लाग्नुपर्छ ।

४३. २ नम्बर वडा कार्यालयमा कार्यालय सहयोगी छैनन् । पशु सेवाका प्राविधिकलाई वडा सचिवको जिम्मेबारी दिनु परेको छ ।

४४. वडा तहबाट नै योजना सम्झौता गर्नुपर्छ ।

## ८. गाउँपालिकाको राम्रा पक्षहरु

१.पालिकाले उत्पादनमा प्रतिफलमा आधारित अनुदान दिने व्यवस्था गरेको । अदुवामा अनुदान पाउने तथा खसी बोका विक्रि गर्दा प्रति केजी २० किसानले अनुदान पाउने गरेको ।

२. गुणस्तीर शिक्षा, खेलकुदका लागि पालिका सदैव प्रयत्न देखिएको । गाउँ पालिकाभित्र सुविधा सम्पन्न विद्यालय भवनहरु बनिरहेका छन् ।

४ स्वास्थ्य चौकीको स्तरोन्नति भइरहेको छ ।

५ व्यावसायिक कृषिलाई बढवा दिन बिऊ तथा हाते ट्याक्टर वितरण गरिरहेको छ । अनुदानमा कृषि औजार पनि प्रदान गरेको छ ।

६. गाउँपालिका कार्यालयको संरचना राम्रो बनिरहेको छ, परिसर पनि सुन्दर बनेको छ ।

७. सिमित श्रोत र साधनको बाबजुद घिरिङ गाउँपालिकालाई सबै दृष्टिले सम्पन्न बनाउने प्रयत्न भएको छ ।

८. कालिगन्डकी नदीका घाटहरुमा यसैवर्ष देखी ठेक्का लगाउन पाएपछि आन्तरिक आम्दानीमा बृद्धि हुनेछ ।

९ गाउँपालिकामा स्थानीय पाठ्यक्रम तयार भएको भएको छ ।

## ९. कार्यक्रम सन्चालन तालिका:

| क.स | कार्यक्रम | सम्बन्धित व्यक्ति |
|---|---|---|
| १ | **कार्यक्रमको सन्चालन** | सहजकर्ता: ऋषिकान्त दुवाडी (लोकवाणी पब्लिकेशन प्रालि) |
| २ | **कार्यक्रमको अध्यक्षता:** | गाउँपालिकाका अध्यक्ष : होमबहादुर थापा |
| ३ | **अतिथीहरु: आसन ग्रहण** | १.उपाध्यक्ष: राधादेवी अधिकारी<br>२.प्रमुख प्रशासकीय अधिकृत: कृष्णप्रसाद ढकाल<br>वडा अध्यक्षहरु:<br>वडा नम्बर १ का वडा अध्यक्ष: रविचन्द्र घोरासिनी<br>वडा नम्बर २ का वडा अध्यक्ष: नरबहादुर थापा<br>वडा नम्बर ३ का वडा अध्यक्ष: तलहसिंह थापा<br>वडा नम्बर ४ का वडा अध्यक्ष: भिमबहादुर कुमाल<br>वडा नम्बर ५ का वडा अध्यक्ष: विष्णुविर आले<br>**कार्यपालिका सदस्यहरु:**<br>१ भुवन सिंह विक<br>२.टोपबहादुर रामदान<br>३.पार्वती विक<br>४.सरिता विक<br>५.रिमा कुमाल<br>६.इश्वरी श्रेष्ठ<br>तथा गाउँपालिकाका सम्पुर्ण वडा सदस्यहरु |
| ४ | **अन्य अतिथीहरु (राजनीतिक** | १.रनबहादुर राना: निवर्तमान गाउँपालिका अध्यक्ष |

| | | |
|---|---|---|
| | **दलका प्रमुख तथा प्रतिनिधिहरु) आसन ग्रहण** | २ः बलबहादुर थापाः इन्चार्ज नेपाली कम्युनिष्ट पार्टी गाउँ कमिटि<br>३. दल सिंह थापाः विव्यस अध्यक्ष- राष्ट्रिय मावि, घिरिङ |
| **५** | **शाखा प्रमुखहरु** | १.तिर्थराज ढुङ्गाना-गाउँपालिकाका इन्जिनियर (पुर्वाधार शाखा) |
| **६** | **अन्य अतिथीहरु (विद्यालयका प्रअहरु, स्वास्थ्य चौकी र प्रहरी चौकी प्रमुख समेत) आसन ग्रहण** | १.प्रअ राष्ट्रिय मावि<br>२ प्रअ चन्डी आधारभुत विद्यालय<br>३.प्रअ विष्णु आधारभुत विद्यालय<br>४.प्रअ पार्वती आधारभुत विद्यालय<br>५. अजयकुमार यादवः घिरिङ स्वास्थ्य चौकी प्रमुख |
| **७** | **अन्य अतिथीहरु** | १.राजकुमार श्रेष्ठ : पत्रकार<br>२.टोल विकास संस्थाका अध्यक्षहरु<br>३.मेलमिलाप सहजकर्ताहरु<br>४.खानेपानी तथा सरसफाई समिति, सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षहरु |
| **८** | **स्वागत मन्तव्यः** | राधादेवी अधिकारी, उपाध्यक्षः घिरिङ गाउँपालिका |
| **९** | **राष्ट्रिय गान** | सबै सहभागीहरुबाट |
| **१०** | **शहिदप्रति श्रद्धान्जली** | सबै सहभागीहरुबाट |
| **११** | **उद्घाटन** | व्यानर पढेर कार्यक्रमको अध्यक्ष गाउँपालिकाका अध्यक्षबाट |

| | | |
|---|---|---|
| १२ | **कार्यक्रमको उद्देश्यबारे जानकारी** | सहजकर्ताः प्रकाशचन्द्र भट्टराईबाट |
| १३ | **क) वडा नम्बर २ को कार्यालय बाट सम्पादित कामहरुको बारेमा जानकारी**<br>**ख) गाउँपालिकाबाट प्रथम चौमासिकको अवधिमा सन्चालन भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा जानकारी प्रदान** | १) अजयकुमार चौरासिया-वडा सचिव<br>२) वडा नम्बर २ को अध्यक्षः नरबहादुर थापा<br>३) प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालबाट |
| १४ | **आचार संहिताबारे जानकारी** | सहजकर्ता प्रकाशचन्द्र भट्टराईबाट |
| १५ | **नागरिक अभिमतबारे जानकारी तथा प्राप्त सुझावबारे जानकारी** | सहजकर्ता : प्रकाशचन्द्र भट्टराईबाट |

## १०. गाउँपालिकाले प्रदान गरेको सेवाको बारेमा सेवाग्राहीबाट आएका जिज्ञासाहरुः

| **क्र.स** | **नामथर/संस्था/पद** | **जिज्ञासा/सुझाव** |
|---|---|---|
| १ | **विमाकुमारी श्रेष्ठ** | १.बाँदर आतंक नियन्त्रण गर्नुपर्छ ।<br>२. अत्रौली-पुट्टार सिंचाई योजनाले खेतमा पहिरो गयो ।<br>३. डुम्रीबेशी जाने बाटोमा झाडी बढेर हिड्न डर मान्नु पर्ने भएको छ । |
| २ | **नारायणी सुनार** | १. दलित लक्षित कार्यक्रम हुने तर मेसिन उपलब्ध नहुँदा सिप उपभोग गर्नु सकिएको छैन र आम्दानी लिन सकिएको छैन । |
| ३ | **होमबहादुर थापाः** | १. विद्यालयको आफ्नो आम्दानीको श्रोत नहुँदा विद्यालयमा कम्प्युटर |

| | | |
|---|---|---|
| | **चण्डी आधारभुत विद्यालयका अध्यक्ष** | चलाएको विद्युत महशुल गाउँपालिकाले व्यहोर्नुपर्छ । |
| ४ | **रुद्र बहादुर नेपाली** | १. पन्चवर्षीय आवधिक योजना बनाउने नीति के छ ?<br>२. सडक विस्तार गर्दा नागरिक विस्थापित हुनुपरेको छ । क्षतीपुर्तीको व्यवस्था के छ ?<br>३. गरिब घरधुरीको सर्वेक्षण गरिएको छ की छैन ? |
| ५ | **शान्ती आले** | १. चन्द्रज्योती माविसम्म जाने बाटो खन्दा निस्केको माटो मुल सडकमा झारेको कारण उक्त मुल बाटो बिग्रेको छ ।<br>२. कृष्णमार्गको मुद्धा छिटो टुंग्याउनुपर्छ ।<br>३. लागु औषध सम्बन्धी सचेतना कार्यक्रम गर्नुपर्छ ।<br>४. उत्पादनमुलक कार्यमा बजेट बिनियोजन गर्नुपर्छ ।<br>५. निशुल्क दिईएको तालिमको उपलब्धीको मुल्यांकन गरिनुपर्छ । |
| ६ | **दलसिंह थापा** | १. माविका दरबन्दी थप गर्नुपर्छ ।<br>२. कालीगन्डकीको रोयल्टी उठाउन सकिएको छैन ।<br>३. स्थानीय पाठ्यक्रम लागुगर्नुपर्छ ।<br>४. खानेपानीको निकै अभाव छ, कालिगन्डकीबाट लिफ्टिङ खानेपानीको सुविधा हुनुपर्छ । |
| ७ | **रनबहादुर राना-गाउँपालिकाका पुर्व अध्यक्ष** | १. घाटहरुबाट गिटी बालुवा बोक्ने ट्याक्टरहरुले सडक विगारेका छन् ।<br>२. शाखामा विनियोजित बजेटको अनुगमन गर्नुपर्छ ।<br>३. स्वास्थ्य सस्थामा सिटामोल छैन ।<br>४. कृष्णमार्गमा नाइटबस चल्ने व्यवस्था गर्नुपर्छ ।<br>५. विकास खर्च न्युनछ ।<br>६. टुक्रे योजना भन्दा ठुला योजनामा ध्यान दिनुपर्छ । |

| | | |
|---|---|---|
| | | ७. विद्यालयको गुणस्तरमा ध्यान दिनुपर्छ । विद्यार्थी कम भएका विद्यालय मर्ज गर्ने नीति बनाउनुपर्छ<br><br>८. स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ ।<br><br>९. स्थानीय युवा उद्यमी र कृषकहरुलाई स्थानीय सरकारले सहयोग गर्नुपर्छ ।<br><br>१०. एक घर एक धारा योजना पुरा गर्नुपर्छ ।<br><br>११.आन्तरिक आम्दानी बढाउन घाटहरु व्यवस्थित गर्नुपर्छ ।<br><br>१२. बसाई सराईको कार्यक्रम नरोक्ने हो भने गाउँ रित्तो हुन्छ ।<br><br>१३.कालिगन्डकी डाइभर्सनको योजना रोक्न लाग्नुपर्छ ।<br><br>१४.एम्बुलेन्सको भाडा महंगो भएको छ, घटाउनुपर्छ ।<br><br>१५.भौतिक पुर्वाधारमा जोड दिनुपर्छ । कृष्णमार्ग कालोपत्रे गर्नुपर्छ ।<br><br>१६.शालिग्राम करिडोरलाई गौरबको आयोजनाको रुपमा सन्चालन गर्नुपर्छ । यो करिडोरमा बजेट विनियोजन गर्नुपर्छ ।<br><br>१७.स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्नुपर्छ ।<br><br>१८.ठुला फाँटहरुमा सिंचाई योजनालाई जोड दिनुपर्छ । |

## ११. सहभागीहरुबाट उठेको जिज्ञासाको समाधान र जवाफ:

१.तिर्थराज ढुङ्गाना: इन्जिनियर, पुर्वाधार शाखा प्रमुख

२.नरबहादुर थापा: वडा अध्यक्ष, वडा नम्बर २

३.राधादेवी अधिकारी: उपाध्यक्ष गाउँपालिका

४.कृष्णप्रसाद ढकाल: प्रमुख प्रशासकीय अधिकृत

५.होमबहादुर थापा: अध्यक्ष गाउँपालिका

## ११.१ सहभागीबाट उठेका प्रश्नमा गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाको जवाफः




१.गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखेको छ । प्रमुख सडकको मुद्धाले निर्माण रोकिए पनि शाखा बाटो पालिकाले बनाउने काम गरिरहेको छ ।

२.पालिकाभित्र सुविधा सम्पन्न विद्यालय भवनहरु बनिरहेका छन् ।

४ स्वास्थ्य चौकीको स्तरोन्नति भइरहेको छ ।

८ व्यावसायिक कृषिलाई बढवा दिन बिऊ तथा हाते ट्याक्टर वितरण गरिरहेको छ । अनुदानमा कृषि औजार पनि प्रदान गरेको छ ।

६ गाउँबाट अन्य सहर वा जिल्लामा उपचार गराउन जानु परे पालिकाले सुलभ दरमा एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । ज्येष्ठ नागरिक र सुत्केरीलाई निशुल्क छ ।

७ अदुवा किसानलाई ५ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।

८. गाउँपालिका कार्यालयको संरचना राम्रो बनिरहेको छ, परिसर पनि सुन्दर बनेको छ ।

९ न्यायिक समितिले मेलमिलापको प्रयास गरिरहेको छ ।

१०. विकास, योजना र सेवा सविधालाई आवश्यकताका हिसाबले गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखेको छ । प्रमुख सडकको मुढाले निर्माण रोकिए पनि शाखा बाटो पालिकाले बनाउने काम गरिरहेको छ ।

११. सिमित श्रोत र साधनको बाबजुद घिरिङ गाउँपालिकालाई सबै दृष्टिले सम्पन्न र समृद्ध बनाउन लागेका छौं ।

१२.शिक्षाको गुणस्तरमा बृद्धी गर्ने छौं ।

१३. १० शैयाको आधारभुत अस्पतालको निर्माणको लागि जग्गा प्राप्ती भएको छ, अव आगामी आर्थिक वर्षबाट भवन बनाउँछौं ।

१४. कृषि र पशुपालनको व्यवसायीकरण तथा उत्पादनमा आधारित अनुदानलाई वढावा दिन्छौं ।

१५.ग्रामिण सडकहरुको स्तरोन्नती गरेका छौं ।

आन्तरिक आम्दानीमा बृद्धी, कृष्णमार्गको कालोपत्रे गर्ने गाउँपालिकाको मुख्य प्राथमिकतामा रहेको छ ।

१६.अदुवा प्रशोधन केन्द्र स्थापना गर्ने छौं ।

१७. कालिगन्डकी नदीका घाटहरुमा चालु आर्थिक वर्षबाट ठेक्का लगाउन थालेका छौं ।

१८.एक घर एक धारालाई प्राथमिकता दिएका छौं ।

१९. बेरुजुको अन्त्यलाई मुख्य प्राथमिकतामा राखेका छौं ।

२०. सुख्खा टारहरुमा सिंचाईको लागि संघ र प्रदेश सरकारको पहलमा अत्रौली-पुट्टार सिंचाई योजनालाई सम्पन्न गर्छौं ।

२१.कालिगन्डकी डाईभर्सन गर्न रोक लगाउको लागि नदी तटका स्थानीय तहसँग सहकार्य र छलफल गर्छौं ।

२२. गाउँपालिकामा स्थानीय पाठ्यक्रम तयार भएको र आगामी शैक्षिक सत्रबाट लागु गरिनेछ ।

२३. प्राविधिक शिक्षा लिने विद्यार्थीलाई छात्रबृत्ति दिन्छौं ।

## ११.२ सहभागीबाट उठेका प्रश्नमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालको जवाफः




१. शिक्षक र कर्मचारीलाई सययमै निकाशा भइरहेको छ ।

२. शैक्षिक गुणस्तरका लागि शिक्षकलाई पुनर्ताजकी दिएको तालिम प्रभावकारी भइरहेको छ ।

३. खानेपानीका क्षेत्रमा क्रमश सुधार भइरहेको छ ।

४. खरको छाना विस्थापित गर्ने क्रम चलिहरको छ ।

५. पालिकाभित्र सुविधा सम्पन्न विद्यालय भवनहरु बनिरहेका छन् ।

६. स्वास्थ्य चौकीको स्तरोन्नति भइरहेको छ ।

७. व्यावसायिक कृषिलाई बढवा दिन बिऊ तथा हाते ट्याक्टर वितरण गरिरहेको छ । अनुदानमा कृषि औजार पनि प्रदान गरेको छ ।

८. गाउँबाट अन्य सहर वा जिल्लामा उपचार गराउन जानु परे पालिकाले सुलभ दरमा एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । ज्येष्ठ नागरिक र सुत्केरीलाई निशुल्क छ ।

९. अदुवा किसानलाई ५ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।

१०. गाउँपालिका कार्यालयको संरचना राम्रो बनिरहेको छ, परिसर पनि सुन्दर बनेको छ ।

११. न्यायिक समितिले मेलमिलापको प्रयास गरिरहेको छ ।

१२. शिक्षक र कर्मचारीलाई सययमै निकाशा भइरहेको छ ।

१३. शैक्षिक गुणस्तरका लागि शिक्षकलाई पुनर्ताजकी दिएको तालिम प्रभावकारी भइरहेको छ ।

१४ खानेपानीका क्षेत्रमा क्रमश सुधार भइरहेको छ ।

१५. खरको छाना विस्थापित गर्ने क्रम चलिहरको छ ।

१६. अत्रौली, पुट्टार, गडौली, वैडीलगायतका टारहरुमा सिंचाइको व्यवस्था प्रभावकारी रुपमा सञ्चालन भइरहेको छ ।

१७. तोकिएको शुल्कभन्दा अतिरिक्त शुल्क तिर्नु परेको छैन ।

१८ शैयाको आधारभुत अस्पतालको निर्माणको लागि जग्गा प्राप्ती भएको छ, अव आगामी आर्थिक वर्षबाट भवन बनाउँछौं ।

१९. बेरुजुको अन्त्यलाई मुख्य प्राथमिकतामा राखेका छौं ।

२०.योजना बनाएरै बेरुजु घटाउने अभियानमा लागेका छौं ।

२१. आन्तरिक आम्दानी कम हुँदा सोचे अनुसार विकासको काम गर्न पाएको छैन ।

## १२. नागरिक अभिमत सर्वेक्षण नतिजा

सार्वजानिक सुनुवाई कार्यक्रम गर्नु पुर्व यस वडाका ३० जना नागरिक र सेवाग्राहीसँग विभिन्न विषयमा सर्वेक्षण गरिएको थियो । उहाँहरुसँग प्रतक्ष्यरुपमा कुराकानी गरि नागरिक प्रतिबेदन तयार गरिएको छ । नागरिक प्रतिबेदनमा सेवाग्राही नागरिकले सेवा लिँदा प्रतक्ष्यरुपमा देखेका र भोगेका कुराहरुलाई जस्ताको तस्तै समेटेर तयार गरिएको छ । यसमा महिला, दलित, जनजातीलाई उल्लेख्य रुपमा समेटेका छौं ।

## नागरिक प्रतिबेदनमा सहभागीहरुको संख्या

| सहभागीको संख्या | महिला | पुरुष |
|---|---|---|
| ३० | १३ | १७ |

## १२.१ नागरिक प्रतिबेदनमा समावेश प्रश्न र नागरिकको जवाफ (प्रतिशतमा)

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईले वडा कार्यालयको कतिको सन्तुष्टी पाउनु भयो ?

क) सन्तुष्ट (९०) ख) ठीकै (१०) ग) असन्तुष्ट

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट (९०) ख) ठीकै (१०) ग) असन्तुष्ट

**२. सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेका समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ख) ठीकै ग) असन्तुष्ट **(नागरिक बडापत्रको बारेमा जानकारी छैन ।)**

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

क) विश्वस्त () ख) ठीकै (१००) ग) विश्वास छैन

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

क) तिरेको छैन्  (१००)   क) एकदमै कम   ख) धेरै तिरेको

२.४ यस कार्यालय सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ?

क) १ दिन  (१००)  ख) २ दिन  ()  ग) धेरै दिन

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस कार्यालयले विपन्न वर्गका लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

क) छ   ख) छैन  (९५)   ग) अलिकति थाहा छ  (५)

३.२ कार्यालयमा भएका कर्मचारीहरुको सीप कस्तो छ ?

क) आवश्यक सीप छ  (२०)  ख) आवश्यकता भन्दा कम छ  (८०) ग) सीप निकै कम छ

**४. सेवा सम्बन्धि जानकारी**

४.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

क) अति राम्रो  (७०)   ख) ठीकै  (३०)   ग) नराम्रो

४.२ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

क) अति राम्रो  (१००)   ख) ठीकै  ()  ग) खासै राम्रो छैन

४.३ गाउँपालिकामा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सिमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?

क) २० प्रतिशत जति  ()  ख)  ५०  प्रतिशत   ग) थाहा छैन (१००)

**५. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासा सुन्न अधिकारी सम्बन्धमा**

५.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

क) धेरै   ख)   कम  ()   ग) गरेको छैन (१००)

५.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

क) धेरै   ख) ठीकै  ()  ग) अति कम (१००)

५.३ तपाईको विचारमा उजुरी पेटीकाको उपयोग कुन हदसम्म भएको छ ?

क) धेरै भएको छ  ()  ख) ठीकै भएको छ  ()   ग) भएकै छैन (१००)

## ६. सिफारिस सम्बन्धि

६.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ?

क) पाए (९०) ख) ठीकै पाए (१०) ग) स्पष्ट पाइन

६.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनुपऱ्यो ?

क) दिए ख) थोरै दिए ग) मागिएन र दिइएन पनि (१००)

६.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

क) आफै (१००) **ख)** मध्यस्तकर्ता वा कार्यालयकै मान्छे ग) नेता वा ठूलाबडा

## ७. पूर्वाधार तथा सरसफाइ सम्बन्धि

७.१ कार्यालयमा सरसफाइको अवस्था कस्तो छ ?

क) राम्रो () ख) ठीकै (१००) ग) खराब

७.३ तपाईको विचारमा गाउपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धि कार्यक्रम के कस्ता किसिमले गर्छ ?

क) राम्रो ख) ठीकै (१००) ग) खराब

७.४ तपाईको गाउँपालिकामा विकास निर्माणको अवस्था कस्तो छ ?

क) राम्रो (२०) ख) ठीकै (८०) ग) खराब

७.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन ?

क) प्रभावकारी छन् (५०) ख) ठीकै छन् (५०) ग) प्रभावकारी छैनन्

७.६ योजनाको बिल भूक्तानी दिने व्यवस्था कस्तो छ ?

क) सहज ख) ठीकै (८०) ग) अप्ठयारो (२०)

६.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

क) पर्दैन (१००) ख) मागेरै लिन्छन ग) रकम नदिए अप्ठ्यारो पार्छन

७.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?

क) सजिलै पाइयो (१००) ख) कहिले काही पाइयो () ग) माग गर्दा पनि पाइएन

७.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु भएको छ ?
क) सजिलै पाइन्छ (१०)) ख) सोधेपछि पाइन्छ () ग) सोधे पनि पाइएन

७.१० योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनुभएके छ ?
क) धेरै सहयोग पाएको छु (८०) ख) ठीकै सहयोग पाएको छु (२०) **ग)** निरुत्साहित गरिन्छ

**८.१ गाउँपालिकाको आर्थिक श्रोत कस्तो छ ?**
क) आवश्यक श्रोत उपलब्ध (१०) ख) कम श्रोत उपलब्ध (९०) ग) अति कम श्रोत


८.१ गाउँपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
क) टाँसेको देखेको छु ख) कहिले काँही टाँसेको देखिन्छ () ग) खै कतै देखिएन (१००)

## १२.२ बहिर्गमित अभिमत (सेवा लिएर फर्केका नागरिकको अभिमत)

| सि.न. | सेवाको नाम तथा मुल्यांकन | उपयुक्त कोठामा रेजा लगाउने | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट **३१ जना** | ठीकै **१९ जना** | अस्पष्ट |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | थोरै **१० जना** | अति धेरै | ठीकै **४० जना** |
| ३ | तपाँइ प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्री पूर्ण **४५ जना** | ठिकै **५ जना** | अमर्यादित |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण ) | अती स्पष्ट **५० जना** | ठिकै | अल्मल्ल हुने गरी |
| ५ | कागजात र शुल्क दस्तुर) बारे तपाँइलाई सेवा प्रदायक कर्मचारीले स्पष्ट पारे की पारेनन् ? | गरिदिए **५० जना** | ठिकै | अष्पष्ट सूचना दिए |
| ६ | तपाँइले राख्नु भएको समस्याको बारेमा के कस्ता समाधान दिए ? | अति सजिलो तरिकाले समाधान | ठिकै **५ जना** | समस्याको समाधान दिन सेकनन् |

| | | | | |
|---|---|---|---|---|
| | | दिए<br>**४५ जना** | | |
| ७ | सेवा प्रदान गर्न अबलम्बन गरिएको तरिका के कस्तो लाग्यो ? | छिटो तथा सजिलो<br>**४५ जना** | ठिकै<br>**५ जना** | लामो र झन्झटिलो |

## १३. सहभागीको हाजिरी, कार्यक्रमको फोटोहरु तथा कार्यक्रम सम्बन्धी प्रकाशित समाचार



घिरिङ गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिक अवधिको सार्वजानिक सुनुवाई कार्यक्रम

मिति २०८२ मंसिर २३ गते मंगलबार

स्थान: घिरिङ गाउँपालिका वडा नम्बर २ को कार्यालय देउराली

आयोजक: लोकवाणी पब्लिकेशन प्रा.लि.दमौली, तनहुँ

उपस्थिती विवरण

| क्र सं. | नाम, थर | संस्था/ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|

वर्ष २० अंक ११७, २०८२ मंसिर २४ गते बुधबार, नेपाल सम्वत ११४३ LOKWANI DAILY WEDNESDAY 1

गौरवमय दुई दशक

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

लोकवाणी

फेसबुकमा : www.facebook.com/lokwani.daily

राष्ट्रिय दैनिक

# घिरिङ गाउँपालिकाको प्रथम चौमासिकको सार्वजानिक सुनुवाई सम्पन्न

लोकवाणी संवाददाता

**दमौली, मंसिर २३**

घिरिङ गाउँपालिकाको आयोजना तथा लोकवाणी पब्लिकेशन प्रालिको सहजिकरणमा आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिक अवधिको सार्वजानिक सुनुवाई कार्यक्रम मंगलबार वडा नम्बर २ को कार्यालय घिरिङ देउरालीमा सम्पन्न भयो।

चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा गाउँपालिकाले सम्पादन गरेको विकास आयोजना, सेवा प्रवाह तथा बजेट खर्च लगायतको बारेमा सार्वजानिक सुनुवाई गरिएको थियो । उक्त सार्वजानिक सुनुवाई कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले सिमित श्रोत र साधनको बाबजुद घिरिङ गाउँपालिकालाई सबै दृष्टिले सम्पन्न र समृद्ध बनाउन आफुहरु लागि परेको बताए।

शिक्षाको गुणस्तरमा बृद्धी, १० शैयाको आधारभुत अस्पतालको निर्माण, कृषि र पशुपालनको व्यवसायीकरण तथा उत्पादनमा आधारित अनुदान, ग्रामिण सडकहरुको स्तरोन्नती, आन्तरिक आम्दानीमा बृद्धी, कृष्णमार्गको कालोपत्रे गर्ने गाउँपालिकाको मुख्य




प्राथमिकतामा रहेको अध्यक्ष थापाले बताए। त्यसैगरि अदुवा प्रशोधन केन्द्र स्थापना, प्रतिबन्धित घाटहरुको सन्चालन, एक घर एक धारा, सुख्खा टारहरुमा सिंचाई, बेरुजु अन्त्य, एम्बुलेन्सको सहजता तथा कालिगन्डकी डाईभर्सन गर्न रोक लगाउने जस्ता कार्यहरुलाई पनि प्राथमिकता दिईएको अध्यक्ष थापाको भनाई थियो। अध्यक्ष थापाले सबै राजनीतिक दल, संघ संस्था तथा विभिन्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरि काम भईरहेको जानकारी दिए।

गाउँपालिकामा स्थानीय पाठ्यक्रम तयार भएको र आगामी शैक्षिक सत्रबाट लागुहुने अध्यक्ष थापाले जानकारी दिए । कालिगन्डकी बहुप्राविधिक शिक्षालय, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर, अत्रौली(पुट्टार सिंचाई आयोजना, शालिग्राम संग्रहालय, अंगुर खेती आदि गाउँपालिकाको गौरवको विषय भएको अध्यक्ष थापाले बताए। कालिगन्डकी बहुप्राविधिक शिक्षालयमा अध्ययनको लागि गाउँपालिकाको उत्कृष्ट विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था गर्ने, कोल्डस्टोर्स सन्चालन गर्ने, अत्रौली पुट्टार सिंचाई आयोजना सम्पन्नको लागि संघ र प्रदेश सरकारमा अनुरोध गर्ने अध्यक्ष थापाले बताए।

गाउँपालिकाकी उपाध्यक्ष राधादेवी अधिकारीले सार्वजानिक सुनुवाई कार्यक्रमले गाउँपालिकाबाट सम्पादन भएका कामहरुको बारेमा जानकारी दिने र नागरिकहरुको सुझाव ग्रहण गर्न पाईने बताइन् । उपाध्यक्ष अधिकारीले गाउँपालिकाले पुर्वाधार विकासलाई प्राथमिकतामा राखेको बताइन्। विभिन्न सिप मुलक तालिम, आय आर्जनमा जोड, कोल्ड स्टोर सन्चालन, कृषि र पशुपालनमा अनुदान, सुन्तला पकेट कार्यक्रम सन्चालन, मकै पकेट कार्यक्रम, अदुवा पकेट कार्यक्रम आदि सन्चालन गरेको अधिकारीले बताइन्।

(बाँकी पृष्ठ ३ मा)

## घिरिङ...

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले आ.व २०८२/०८३ को प्रथम चौमासिक अवधिमा गाउँपालिकाबाट सम्पादन भएका कामहरुको बारेमा जानकारी गराएका थिए । उनले विगतको बेरुजुमा घटाउने तथा उज्यालो घिरिङ बनाउने अभियान जारी रेहको बताए । १० शैयाको अस्पताल निर्माणकोलागि जग्गा प्राप्ती भईसकेको भन्दै प्रमुख प्रशासकीय अधिकृत ढकालले आगामी आर्थिक वर्षबाट अस्पताल निर्माण कार्य सुरु गरिने बताए । प्रमुख प्रशासकीय अधिकृत ढकालका अनुसार चालु आर्थिक वर्षमा गाउँपालिकाको कुल बजेट ४५ करोड रहेको तथा २४१ वटा योजना रहेको छ। ति मध्ये केही योजना सम्झौता भईसकेको र केही सम्झौताको चरणमा नै रहेको ढकालले बताए।

उक्त कार्यक्रममा वडा नम्बर २ का अध्यक्ष नरबहादुर थापाले वडाबाट सम्पन्न भएका कामहरुको बारेमा जानकारी दिदैं वडा नम्बर २ मा विकासको प्रचुर सम्भावना भएको भन्दै गाउँपालिकाले पनि वडा नम्बर २ लाई विशेष महत्व दिनुपर्ने बताए। गाउँपालिकाका इन्जिनियर तिर्थराज ढुङ्गानाले वडास्तरमा नै योजना सम्झौता अभिमुखीकरण कार्यक्रम गरिने र अनुगमनलाई प्रभावकारी बनाइने बताए।

उक्त कार्यक्रममा गाउँपालिकाका निवर्तमान अध्यक्ष रनबहादुर राना लगायतले भौतिक पुर्वाधारमा जोड दिनुपर्ने, कृष्णमार्गलाई कालोपत्रे गर्न पहल गरिनुपर्ने, बसाई सराई रोक्नुपर्ने, बाँदर आतंक रोक्नुपर्ने, आन्तरिक आम्दानीलाई बढाउन पहल गर्नुपर्ने, गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने, शालिग्राम करिडोरको गुणस्तरमा ध्यान दिनुपर्ने, स्वच्छ खानेपानी तथा एक घर एक धारामा जोड दिनुपर्ने, युवा पलायन रोक्नुपर्ने, स्थानीय कला र संस्कृतीको संरक्षण गर्नुपर्ने, ठुला फाँटहरुमा सिंचाई सुविधा लैजानु पर्ने तथा घिरिङ गाउँपालिकाको जिवनसँग जोडिएको कालिगन्डकी डाइभर्सनको योजनालाई रोक्नुपर्ने जस्ता सुझावहरु दिएका थिए।

सहभागीहरुले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सडक, पुर्वाधार, मोटरेवल पुल, सामुदायिक भवन निर्माण, सिंचाई, कालीगन्डकी डाइभर्सनको योजना रोक लगाउनुपर्ने लगायतका विषयमा जिज्ञासा, सुझाव र धारणाहरु राखेका थिए । उक्त कार्यक्रममा कार्यक्रमको उद्देश्य तथा विषयबस्तुको बारेमा लोकवाणी दैनिकका सम्पादक प्रकाशचन्द्र भट्टराईले तथा कार्यक्रमको सन्चालन लोकवाणी दैनिकका ऋषिकान्त दवाडीले गरेका थिए।




घिरिङ गाउँपालिकाद्वारा आ.व. २०८२/०८३ को प्रथम चौमासिकमा सम्पादित
कार्यक्रम, विकास आयोजना, सुशासन तथा सेवा प्रवाह सम्बन्धमा
सार्वजनिक सुनुवाई कार्यक्रम
२०८२ मंसिर २३ गते मंगलबार
वडा नं. २ को कार्यालय, देउराली, तनहुँ
आयोजक:
घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
केसन प्रा.लि.


घिरिङ गाउँपालिका
२ नं वडा कार्याल
घिरिङ देउराली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३
सार्वजनिक सुनुवाई कार्यक्रम







**प्रतिबेदन तयार पार्ने**

**प्रकाशचन्द्र भट्टराई**

**सम्पादक, लोकवाणी दैनिक**